# संविधानसभा निर्वाचनमा प्रवासी नेपाली



■ डा. हेमराज शर्मा

निकट भविष्यमा हुन लागेको संविधानसभा निर्वाचनमा भाग लिई नयाँ नेपाल निर्माणमा सरिक हुन पाउने आशामा रहेका प्रवासी नेपाली निराश हुन पुगेका छन् । प्राविधिक कठिनाइ देखाई प्रतिनिधिसभाले हालै पारित गरेको नियमावलीले मुलुक बाहिर रहेका लाखौं नेपालीलाई मतदानबाट वञ्चित गरेको छ । यसको पछाडि साँच्चिकै प्राविधिक कारण थियो या सरकारमा इच्छाशक्तिको कमी ?

**मतदानको औचित्य**

१९९० पछिका प्रजातान्त्रिक सरकारले लागू गरेको वैदेशिक रोजगार नीति र नब्बेको दशकको उत्तरार्धमा आएको सूचना प्रविधिको विकासले रोजगार, अध्ययन, अनुसन्धान र अन्य उद्देश्यले मुलुक बाहिर जाने नेपालीको संख्या द्रुत रूपमा बढ्दै गएको जगजाहेर छ । गैरआवासीय नेपाली संघ (एनआरएन) को दुई वर्ष पहिलेको तथ्यांकलाई आधार मान्ने हो भने दक्षिण एसियाबाहेकका ४६ राष्ट्रमा करिब १४ लाख नेपाली र नेपालीमूलका विदेशी नागरिक रहेका छन् । (यस तथ्यांकमा सय जनाभन्दा कम संख्यामा बसोबास गर्दै आएका राष्ट्र समावेश छैनन् ।) १४ लाख गैरआवासीय नेपालीमध्ये करिब ११ लाख जति नेपाली पासपोर्टबाहक (अथवा योग्य मतदाता) रहेका छन् । जसमध्ये करिब ६ लाख मध्यपूर्व, एसियाका अन्य मुलुकमा ४ लाख, उत्तर अमेरिकामा १ लाख र युरोपमा ५० हजार जति योग्य मतदाता रहेका छन् । भारतलगायत दक्षिण एसियामा रहेका नेपालीको संख्या एकिन नभए पनि करिब ५० लाख गैरआवासीय नेपाली रहेको एनआरएनको अनुमान छ । यस तथ्यांकको आधारमा करिब एक तिहाइ मतदाता मुलुक बाहिर रहेको देखिन्छ ।

यति ठूलो संख्यामा रहेका नेपालीलाई निर्वाचनमा सरिक बनाउन विदेशी भूमिमा पनि मतदानको व्यवस्था मिलाउनु सरकारको दायित्व हो । प्रवासी नेपालीको मतदान अधिकारलाई उनीहरूले लोकतान्त्रिक आन्दोलनमा बहन गरेको भूमिका र देशको अर्थतन्त्रमा पुऱ्याएको टेवासँग मोलतोल गर्नुभन्दा पनि मतदानजस्तो नैसर्गिक अधिकारबाट यति ठूलो संख्यामा रहेका नेपालीलाई अलग राखेर गरिने संविधानसभाले के साँच्चिकै समावेशी लोकतन्त्रको अवधारणालाई सम्बोधन गर्न सक्ला ? मूल प्रश्न यही हो ।

**विदेशी भूमिबाट मतदान**

स्वदेशमा हुने निर्वाचनमा विदेशी भूमिबाट मतदान गर्ने प्रयोग नौलो होइन । अमेरिका, ब्रिटेन, अन्य युरोपेली मुलुक र क्यानडाजस्ता साधन स्रोत सम्पन्न तथा प्रजातन्त्रको संस्थागत विकास भएका देशमा मात्र होइन इराकजस्ता भ्रूण प्रजातन्त्र भएको देश, नब्बेको दशकबाट प्रजातन्त्रको विकास गर्न थालेका पूर्वी युरोप र पूर्व सोभियत संघबाट छुट्टिएका राष्ट्रहरूले समेत प्रवासी नागरिकलाई मतदानको व्यवस्था गर्दै आएका छन् । एसियाका फिलिपिन्स र थाइल्यान्डजस्ता विकासोन्मुख देशमा यसको प्रयोग भएको पाइन्छ । अफ्रिकाको घानाजस्तो अल्पविकसित देश, हाम्रो छिमेकी भारत र दक्षिण अमेरिकी देशमा प्रवासी नागरिकलाई मतदानको अधिकार सुनिश्चित गरिने भएको छ । विदेशी भूमिमा मतदानको व्यवस्था गर्न के कस्ता प्राविधिक कठिनाइ आई पर्छन् ? कस्तो किसिमको मतदान प्रक्रिया अपनाउन सकिन्छ ? यी राष्ट्रबाट सिक्न सकिन्छ,

**प्राविधिक कठिनाइ र समाधानका उपाय**

प्राविधिक कारणले विदेशी भूमिमा मतदानको व्यवस्था गर्न नसक्ने सरकारको निष्कर्ष कुनै अध्ययन र अनुसन्धानको आधारमा नभई हचुवाको भरमा भएको देखिन्छ । निर्णय गर्नुभन्दा पहिले मतदान व्यवस्थाको सम्भावना र आइपर्ने प्राविधिक कठिनाइबारेमा विज्ञहरूबाट अनुसन्धान गराइनु पर्थ्यो । तर सरकारले यतातिर ध्यान दिएन । विदेशी भूमिमा मतदानको व्यवस्था गर्न आवश्यक पर्ने प्राविधिक केही पक्ष -


**(क) मतदाता नामावली संकलन**

मतदानका लागि पहिलो र महत्त्वपूर्ण पक्ष भनेको मतदाता नामावली संकलन हो । भारतलाई छाडेर अन्य देशमा भएका नेपालीसँग नेपाल सरकारबाट जारी गरिएको पासपोर्ट रहने हुँदा यसैको आधारमा मतदाता नामावली तयार गर्न सकिन्छ । यी राष्ट्रमा नामावली संकलन नेपालका विकट जिल्लाभन्दा सहज र छरितो किसिमले गर्न सकिन्छ । नेपाली रहेका अधिकांश देशमा विकसित सूचना प्रविधि र भरपर्दो हुलाक प्रणालीलाई प्रयोग गरी नामावली संकलन गर्न सकिने भएकाले नेपालमा जस्तो घर-घरमा गएर नामावली संकलन गर्न हजारौं जनपरिचालन गरिरहनु पर्दैन ।

नामावली संकलन गर्नका लागि सम्बन्धित देशमा रहेका नेपाली राजदूतावासको अगुवाइमा पार्टीका जनवर्गीय संगठन (जस्तै नेपाली जनसम्पर्क समिति, एमाले, प्रवास कमिटी), सामाजिक, जातीय र वर्गीय संघ-संस्थाहरूलाई पनि परिचालन गर्न सकिन्छ ।

जापानको सन्दर्भमा मात्र हेर्ने हो भने यहाँ तीन दर्जनभन्दा बढी संघ-संस्था विभिन्न क्षेत्रमा छरिएर रहेका छन् । तिनले मतदाता नामावली संकलन गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । करिब तीन दर्जन देशमा सञ्जाल फैलाइसकेको एनआरएनले मतदानको व्यवस्था गर्न आवश्यक पर्ने सहयोगको प्रतिबद्धता जनाइसकेको छ । यसलाई गैरनेपाली संगठनले शुभकार्यसमेत ठानेको छ ।

समानुपातिक पद्धतिमा मात्र मतदान गर्ने अवसर दिने हो भने मतदाता नामावली दर्ता नगराई प्रवासी नेपालीसँग भएको पासपोर्टको आधारमा मतदान गर्न पाउने अवसर दिन सकिन्छ ।





**दक्षिण एसियाबाहेकका ४६ राष्ट्रमा करिब १४ लाख नेपाली र नेपालीमूलका विदेशी नागरिक रहेका छन् ।**

**(ख) मतदान पद्धति**

अन्य देशले निम्न चार पद्धति प्रयोगमा ल्याएर विदेशमा बस्ने नागरिकलाई मतदानको अवसर दिएको पाइन्छ । पहिलो, राजदूतावास वा उसले तोकेको मत केन्द्रमा उपस्थित भएर मतदान गर्ने, दोस्रो हुलाकबाट मत संकलन गर्ने, तेस्रो मतदाताको प्रोक्सीमार्फत स्वदेशमा नै मतदान गर्ने र चौंथो इन्टरनेटको माध्यमबाट मतदान गर्ने । हामी नेपालीका लागि तेस्रो र चौंथो पद्धति त्यति व्यावहारिक नहुने र यी पद्धति अपनाउने हो भने मतदानको दुरुपयोग हुने सम्भावना पनि बढी रहन्छ । तर पहिलो र दोस्रो पद्धतिलाई प्रयोगमा ल्याउन कठिनाइ छैन ।

**(ग) आर्थिक पक्ष**

प्रवासमा मतदान व्यवस्थापन गर्न लाग्ने खर्च पनि सरकारका लागि बोझिलो हुनसक्छ । आवश्यक पऱ्यो भने प्रवासी नेपालीले यसका लागि सरकारलाई सहयोग गर्न तयार हुनुपर्छ । प्रत्येक प्रवासी नेपालीले १०/२० डलरको सानो रकम मतदान सहयोग शुल्क प्रदान गर्ने हो भने लाखौं नेपालीबाट ठूलो धनरासी जम्मा हुन जान्छ । आर्थिक सहयोग जुटाउने अर्को उपाय हो, एनआरएनको पहलमा मतदान सहयोग कोष स्थापना गरी स्वैच्छिक चन्दा आह्वान । एनआरएनले यसभन्दा पहिले देवघाट वृद्धाश्रम र लेवनानमा युद्धको चपेटामा परेका नेपालीको सहयोगका लागि लाखौं रुपैयाँको कोष स्थापना गरेर उदाहरण देखाइसकेको छ । देशको भविष्यसँग जोडिएको मतदान व्यवस्थापन निम्ति चुनाव सहयोग कोष स्थापना गर्न एनआरएन तयार हुनुपर्छ । लाखौं नेपालीलाई प्रत्यक्ष प्रभाव पार्ने यस्तो कार्यले एनआरएनलाई प्रवासी नेपालीको साझा संस्थाका रूपमा स्थापित गर्न बल पुग्ने भएकाले उसका निम्ति यो शुभ अवसर हो ।

**(घ) भारतमा रहेका नेपाली**

भारतमा रहेका प्रवासी नेपालीलाई मतदानको व्यवस्था मिलाउन त्यति सजिलो भने छैन । भारतमा बस्ने नेपालीको अन्य मुलुकमा जस्तो परिचय खुल्ने कागजात (जस्तै पासपोर्ट) नहुने हुनाले वास्तविक मतदाता छुट्याउन गाह्रो छ । संविधानसभा निर्वाचन नजिकै भएकाले अन्य वैकल्पिक व्यवस्था गर्न पनि सम्भव देखिँदैन । तर भौगोलिक, कानुनी र आर्थिक हिसाबले भारत-नेपाल आतेजाते गर्न त्यति कठिन नभएकाले भारतमा बस्ने नेपालीलाई स्वदेश फर्की मतदान गर्न आह्वान गर्न पनि सकिन्छ । मतदानका लागि स्वदेश फर्क अभियान चलाउन सम्पूर्ण राष्ट्रिय पार्टी, सरकार, नागरिक समाज, सञ्चार माध्यमले पहल गर्नुपर्छ । सकिन्छ भने आतेजातेका लागि आर्थिक सहयोग जुटाउन पनि तयार हुनुपर्छ । झट्ट हेर्दा यो प्रस्ताव अनौठो लागे पनि राजनीतिक पार्टीलाई चुनाव खर्च राष्ट्रले दिनुपर्ने प्रसंग चलिरहेको बेलामा मतदातासँग आर्थिक सहयोग माग गर्नु पनि असान्दर्भिक हुँदैन । यसका लागि माथि प्रस्तावित एनआरएन मतदान सहयोग कोष परिचालन गर्नसमेत सकिन्छ ।

**एनआरएन जापानको भूमिका**

एनआरएन जापानले सुरुका दिनदेखि प्रवासी नेपालीका लागि मतदानको अधिकार माग गर्दै आएको छ । २००६ मेमा सम्पन्न कार्यसमितिको पहिलो बैठकले मतदान अधिकार मागलाई विभिन्न किसिमले उठाइएको थियो । ततपश्चात् नेपाल सरकार, पत्रकार महासंघ र नागरिक समाजलाई ज्ञापनपत्रमार्फत मतदान अधिकारबारे ध्यानाकर्षण गराइएको थियो । जर्मनीको बोनमा भएको दोस्रो एनआरएन क्षेत्रीय सम्मेलनमा मतदान अधिकारको मागमा ऐक्यबद्धता जनाउन विभिन्न देशमा रहेका एनआरएन राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वयन समितिलाई लिखित रूपमा आग्रह गरिएको थियो । यस मागलाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय समन्वयन समितिको आठौं बैठकले नेपाल सरकारसमक्ष मतदान अधिकारबारे औपचारिक माग राख्यो । यही माग अहिले राष्ट्रिय बहसको विषय बन्न पुगेको छ ।

अन्त्यमा प्राविधिक कारणले लाखौं प्रवासी नेपालीलाई मतदानबाट अलग राख्नु परेको प्रतिनिधिसभाको निर्णय अध्ययन अनुसन्धान बिना आएको छ । माथि उल्लेख गरिएजस्तै विदेशी भूमिमा मतदानको व्यवस्था मिलाउन सकिने प्रसस्त सम्भावना भएकाले प्रतिनिधिसभाको निर्णयलाई उल्ट्याउन जरुरी छ । यसो गरिएन भने लोकतन्त्र समावेशी हुन सक्दैन ।

*(लेखक, गैरआवासीय नेपाली संघ (एनआरएन) जापानका राष्ट्रिय संयोजक हुन् ।)*

# राष्ट्रका नाममा प्रधानमन्त्रीको सम्बोधन



**दस्तावेज**

दाजुभाइ तथा दिदी-बहिनीहरू !

देशमा सबै जात-जाति, सबै वर्ग र सबै क्षेत्रका जनताको प्रतिनिधित्व हुने किसिमले तथा देश निर्माणमा सबैको उचित भूमिका रहने गरी, नयाँ संरचनामा देशको नयाँ स्वरूप तयार पार्न हामी लागेका छौं ।

समान जनसंख्या, मुलुकको भौगोलिक स्थिति र अनुकूलतालाई मूलभूत आधार बनाएर, निर्वाचन क्षेत्रको निर्धारण गरिनेछ, यसो गर्दा जिल्लाको निर्वाचन क्षेत्रहरू नघटाई, जनसंख्याको आधारमा निर्वाचन क्षेत्रहरूको संख्यामा वृद्धि गरिनेछ । संविधानसभाले बनाउने नयाँ संविधानमा संघीय लोकतान्त्रिक शासन प्रणालीको व्यवस्था हुने नै छ ।

हाल देशका केही भागमा भएका बन्दलगायत आन्दोलनका सबै घटनाहरू तत्काल रोक्न तथा वार्ताद्वारा समस्याहरूको समाधान गर्न र देशमा शान्ति, सुव्यवस्था एवं सद्भाव कायम गर्न म सबैलाई आह्वान गर्दछु ।

आज हामी सबैको प्रमुख जिम्मेवारी आगामी जेठ महिनाभित्र संविधानसभाको चुनाव सुसम्पन्न गर्नु हो । यसप्रति संवेदनशील भएर देशमा शान्ति स्थिति कायम गर्न म मधेसी, आदिवासी, जनजाति, दलित, महिलालगायत विभिन्न वर्ग र क्षेत्रका समुदायसँग हार्दिक अपिल गर्दछु ।

जय नेपाल

(कोइरालाले राष्ट्रका नाममा सम्बोधन गर्नुअघि भावुक अभिव्यक्ति दिएका छन् । उनले भनेका छन् : मेरो यो पहिलो र अन्तिम तपाईंहरूलाई सन्देश हुनेछ । मेरो उमेर र मेरो स्वास्थ्यले गर्दा सायद अन्तिम पनि होला । एउटा युगान्तकारी परिवर्तनपछि मेरो सन्देश दिँदैछु । मेरो पनि आफ्नै भावना छ, जस्तो तपाईंहरूको आकांक्षा, उत्कण्ठा छ, त्यस्तै मेरो पनि छ । म तपाईंहरूको मनोभावना र आकांक्षासँग पूर्ण परिचित छु ।


यो युगान्तकारी परिवर्तन भयो, त्यसले जनतामा इच्छा, आकांक्षा र उत्कण्ठा उर्लेर आयो, त्यो स्वाभाविक हो । एउटा परिवर्तनपछि अर्को परिवर्तन आउँदा वेदना हुन्छ, त्यो स्वाभाविक हो ।

कतै प्रतिगामी शक्तिहरूले खेल सुरु गरेका छैनन् भन्ने लागेको छ ? कुनै समस्या छ भने वार्ताबाटै समस्याको समाधान होस् भन्ने चाहन्छु ।

माओवादीको समस्या समाधान गर्दा पनि यही स्थिति थियो । घरभित्रको समस्या हो भनेर यहीँ बोलाएर नेपालको छवि उज्ज्वल बनाउनुपर्छ भनेर आएका छन् । जेठ महिनाभित्र संविधानसभाको निर्वाचन गर्ने संकल्प गरेको छु । वार्ताबाटै समस्याको समाधान गरौं ।

राष्ट्रले काँचुली फेर्ने बेलामा समस्यै समस्या देखिन्छ । धैर्य, सहिष्णु र सहनशीलतासाथ अघि बढौं ।)

# संघीय राज्य सञ्चालन



■ अमृता थापा मगर

स्वीट्जरल्यान्डको संघीय राज्य सञ्चालन विधि र प्रविधि विकासबारे केही लेख्नैपर्ने लागेको छ । स्वीस फरेन अफेयरको आयोजनामा २६ जनाको नेपाली टोली जुरिचका लागि पुस १५ गते उडेको थियो । राजनीतिक पार्टी, विभिन्न संघ-संस्था, वकिल, पत्रकारलगायतको रमाइलो टोली नेपाललाई त्यस्तै सम्पन्न बनाउने मीठो कल्पनासँगै माघ १ गते काठमाडौंको विमानस्थलमा उत्रिएको थियो ।

समाज विकासको क्रममा स-साना समूहगत जातीय, क्षेत्रीय, वर्गीय लडाइँसँगै मानव समाजले दुईवटा विश्वयुद्ध पनि बेहोरिसकेको छ । नेपालको ठीक अर्को ध्रुवमा रहेका युरोपेली मुलुकमध्ये सुन्दर र विकसित स्वीट्जरल्यान्डको विकास पनि ती संघर्षबाट पृथक छैन । ४१२९३ वर्ग किमि क्षेत्रफल ओगटेको स्वीट्जरल्यान्ड नेपालको शान्ति प्रक्रियामा कुनै न कुनै रूपमा जोडिइरह्यो । नेपालको भौगोलिक परिवेशसँग केही विशेषता मिल्ने स्वीट्जरल्यान्डमा सायद प्रविधि विकास हुनु अगाडिको भौतिक जीवन कल्पना गर्न पनि गाह्रो विषयजस्तो लाग्छ । हिउँ नै हिउँले ढाकिएको यो भूपरिवेष्टित मुलुक पहाडी भू-भागयुक्त छ । जर्मन, फ्रान्स, अस्ट्रिया र इटालीजस्ता ठूला राष्ट्रबीच अवस्थित छ ।

आयस्रोतको हिसाबले पर्यटन, जलस्रोतबाट बिजुली उत्पादन र बैंकिङ प्रणाली नै स्वीट्जरल्यान्डका मुख्य क्षेत्र हुन् । सन् १९४८ मा बनेको स्वीस महासंघको संविधानको मुख्य विशेषता भनेको राज्य सञ्चालन विधि संघीय प्रणाली हो । यस महासंघअन्तर्गत रक्षा, परराष्ट्र र मुद्राबाहेक अन्य आन्तरिक सुरक्षा, कर आदि सबै आ-आफ्नो संघीय राज्य अनुसारको छ । संघीय सरकारले आ-आफ्नो विशेषतामा कर लिने गर्छ । त्यहाँ तीन प्रकारको कर प्रणाली रहेको छ, गाउँ, अञ्चल र राज्य तह । राज्य तहको करनीति मात्रै एउटै छ । स्वीसभरि गाउँ र अञ्चल तहको करको दर एउटै हुनुपर्छ भन्ने छैन । त्यहाँको मुख्य भाषा ४ वटा र अन्य भाषा पनि थुप्रै रहेछन् । त्यसरी नै सहमतिको राजनीतिक प्रणाली पनि त्यहाँको अर्को विशेषता रहेछ । चुनाव जितेपछि सत्तापक्ष र प्रतिपक्ष हुँदोरहेनछ । समानुपातिक रूपमा सम्पूर्ण पार्टी सत्तामा सहभागी हुनेरहेछन् ।

स्वीस सेनामा आम नागरिकलाई अनिवार्य सेवाको प्रावधान राखिएको छ । पुरुषले सेनामा अनिवार्य सेवा गरेकै हुनुपर्ने र महिलालाई ऐच्छिक गरिएको रहेछ । ३७ प्रतिशत जनता सैन्य सेवामा रहेछन् । दोस्रो विश्वयुद्धबाट बच्न प्रत्येक घरको जमिनमुनि अनिवार्य भूमिगत कोठा निर्माण गर्नुपर्ने रहेछ । अहिले आम जनतालाई सशस्त्र पारेर भूपरिवेष्टित देशलाई सैन्य दृष्टिकोणबाट पनि बचाउन सोचिएको देखिन्छ । विदेश नीति पनि शान्तिपूर्ण सह-अस्तित्वको आधारमा असंलग्न परराष्ट्र नीति अपनाइएको रहेछ । उसको युरोपियन युनियनमा पनि सहभागिता छैन । महिलाको आँखाबाट हेर्दा १९९६ मा लैङ्गिक समानताको कानुन पास भएको रहेछ, तर समान कामको समान ज्यालामा समानता देखिएन । कार्यालयमा ११ प्रतिशतमात्रै महिला सहभागिता देखियो । अञ्चल स्तरमा २४.२ प्रतिशत महिला सत्ता सञ्चालनमा सहभागी रहेछन् । खासै राजनीतिमा रूचि भएको देखिँदैन भन्ने बुझियो भने प्राविधिक विश्वविद्यालयमा ५० प्रतिशतभन्दा बढी महिला सहभागी रहेको पाइयो । महिला सहभागिताकै विषयको छलफलमा प्रो तामोरा माइगरबाट थाहा भयो, राजनीतिक पार्टी र सत्तामा महिला सहभागिताको हिसाबले वामपन्थी पार्टी अगाडि रहेछन् । प्रविधिको विकासलाई हेर्दा सम्पूर्ण वस्तु विद्युतीय माध्यमबाट सञ्चालित छन् । त्यसैले होला ४ वर्षको अन्तरालमा जनमत संग्रह गर्न पनि सम्भव हुनेदेखि लिएर हिमशृङ्खलाको चुलीमा केबुलकार र सुरुङबाट ट्रेन पुग्ने व्यवस्था छ । तारेभीर छेडेर बस गुड्ने हाइवे र बसको समेत समय निर्धारण गरेको विद्युतीय समय तालिका बस स्टपहरूमा जडित थियो । प्रत्येक घरमा एयरकन्डिसनर जडित थिए ।

नेपालका राजनीतिक पार्टी र जनता अहिले नयाँ संविधान निर्माण गर्ने प्रक्रियामा छन् ।





**विश्व राज्य प्रणालीबाट पाठ सिक्दै नेपाली विशेषतायुक्त संघीय गणतन्त्र स्थापनाबाहेक अरू विकल्प देखिँदैन ।**

अहिलेसम्म विश्वकै संविधानको अध्ययन र त्यसको सीमालाई हटाउँदै २१ औं शताब्दीकै सर्वोत्कृष्ट संविधान निर्माण गर्ने जिम्मा हाम्रो काँधमा आएको छ । हाम्रो इतिहासमै नयाँ र पहिलोपटक संविधानसभा चुनाव सम्पन्न गर्न जाँदैछौं । त्यसैले ठोस विश्लेषणसहित कार्यान्वयनमा वैज्ञानिक बन्नु असाध्यै पेचिलो प्रश्न हाम्रो अगाडि उभिएको छ । यसरी स्वीट्जरल्यान्डको अनुभव र त्यहाँको सीमाको अध्ययन गर्दा त्यहाँ ७ प्रतिशत बेरोजगार र राजनीतिक तथा आर्थिक गतिरोध देखिन्छ । विश्वका राज्य प्रणालीबाट पाठ सिक्दै नेपालको सन्दर्भमा नेपाली विशेषताको संघीय गणतन्त्रको स्थापनाबाहेक अरू विकल्प देखिँदैन । १० वर्षको महान् जनयुद्ध र १९ दिनको ऐतिहासिक जनआन्दोलनको म्यान्डेट पनि यही नै हो ।

**(लेखिका, अन्तरिम व्यवस्थापिका-संसद्मा नेकपा (माओवादी) की सदस्य हुन् ।)**

# समृद्ध भविष्य निम्ति विज्ञान-प्रविधि




■ प्राडा दयानन्द बज्राचार्य

केही दसक अघिसम्म विकासोन्मुख मुलुकको दर्जामा रहेका एसियाका कैयौं मुलुक अहिले विकसित मुलुक बनिसकेका छन् । दक्षिण कोरिया, सिङ्गापुर, मलेसिया र ताइवानले आफूलाई विकासोन्मुख देशको सूचीबाट विकसित देशको खुड्किलोमा पुऱ्याए ।

हाम्रा छिमेकी भारत र चीन अठोटका साथ प्रगति पथमा द्रुतगतिले लम्किरहेछन् । यी दुवै राष्ट्र सन् २०२५ सम्ममा विश्वकै शक्तिशाली आर्थिक केन्द्रका रूपमा स्थापित हुने अनुमान अर्थशास्त्री गर्छन् । यी देशले प्राप्त गरेका आर्थिक उन्नतिका कारणमध्ये प्रमुख कारण यिनले समयमा राष्ट्रनिर्माण लागि विज्ञान तथा प्रविधिको महत्वलाई स्पष्ट बुझ्नु र आत्मसात गर्नु हो । विगतका केही दसकमा यी मुलुकले विज्ञान तथा प्रविधिका उच्चस्तरीय संरचनामा गरेको विकास अनुकरणीय छ ।

विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धानात्मक प्रकाशनका दृष्टिले दक्षिण कोरिया विश्व सूचीमा पन्ध्रौं स्थानमा छ । दक्षिण कोरियामा वैज्ञानिक अनुसन्धानको स्तर अत्युच्च छ । दक्षिण कोरियाका वैज्ञानिकले कुनै पनि बेला नोबेल पुरस्कार प्राप्त गरेमा आश्चर्य मान्नु पर्दैन । सिङ्गापुरले पनि ज्ञानको सिर्जनात्मक र दक्ष प्रयोगमा भावी अर्थतन्त्रको उन्नति निहित रहेको तथ्य बुझिसकेको छ । मानवस्रोतको अभावलाई पूर्ति गर्न यस देशले विश्वका अब्बल वैज्ञानिकलाई आफ्ना प्रयोगशालामा अनुसन्धानका लागि अनुबन्धन गर्ने गरेको छ । ताइवानले वैज्ञानिक संरचनामा अत्यधिक विकास गरेकाले अमेरिका र पश्चिमी युरोपका प्रतिष्ठित वैज्ञानिक संस्थामा काम गरिरहेका ताइवानी वैज्ञानिक ठूलो सङ्ख्यामा स्वदेश फर्किरहेछन् । नोबेल पुरस्कार प्राप्त ताइवानी रसायनशास्त्री युआन टीली यसका एक उदाहरणमात्रै हुन् । अमेरिकामा तीस वर्षसम्म अध्ययन-अनुसन्धान गरेर बसेका यी वैज्ञानिक स्वदेश फर्किनुअघि अमेरिकाको बर्कले विश्वविद्यालयमा प्राध्यापन गर्थे ।

ताइवानमा काम गर्ने प्रयोगशालाको स्तर बर्कले विश्वविद्यालयको भन्दा पनि राम्रो रहेको धारणा उनको छ । मलेसियाको जनमानसमा विज्ञान तथा प्रविधिसम्बन्धी ज्ञान अमेरिकीहरूको भन्दा पनि उच्च छ । मलेसियाले सन् २०२० सम्ममा विज्ञानको कुनै एउटा विधामा नोबेल पुरस्कार हात पार्ने लक्ष्य राखेको छ । चीन र भारत आणविक शक्तिका धनी भइसकेका छन् । चीनले अन्तरिक्षमा सफलतापूर्वक मानव प्रक्षेपण गरिसकेको छ । सन् १९३० मा भौतिक विज्ञानमा नोबेल पुरस्कार प्राप्त गरेका भारतीय वैज्ञानिक सीभी रामन उक्त पुरस्कार प्राप्त गर्ने एसिया महादेशकै पहिलो वैज्ञानिक हुन् । वैज्ञानिक जनशक्तिका आधारमा विश्वमा अग्रस्थानमा रहेको भारत चन्द्रमामा मानव अवतरण गराउने सोचमा छ । मानव सभ्यताको उन्मेषपछि पन्ध्रौं शताब्दीसम्म विज्ञान तथा प्रविधिमा विश्वलाई नेतृत्व गरिराखेको एसियाले एक्काइसौं शताब्दीमा आफ्नो पूर्ववर्ती स्थान पुनः प्राप्त गर्ने विश्वास विज्ञहरू गर्छन् ।



विकसित मुलुकमा वैज्ञानिक क्षमताको विकास एकदिनमा भएको होइन । विज्ञान तथा प्रविधि विकासका लागि दसकौंसम्म ती मुलुकको राजनीतिक नेतृत्वले लिएको दृढ अठोटका कारण यो सम्भव भएको हो । विज्ञान तथा प्रविधि विकासका लागि दृढ इच्छाशक्ति भएको भविष्यद्रष्टा नेता, राजनीतिक प्रतिबद्धता र वैज्ञानिक लगनशीलता आवश्यक छ । विश्वका अन्य अल्पविकसित मुलुकले जस्तै नेपालले पनि राष्ट्रनिर्माण प्रक्रियामा विज्ञान तथा प्रविधिको महत्व थाहा पाउन नसकेकाले आर्थिक रूपमा पिछडिएर बस्नुपरेको छ ।

विश्वका थुप्रै मुलुक गरिबी र वैज्ञानिक क्षमताको विषमवृत्तबाट प्रताडित छन् । यी देश विज्ञान तथा प्रविधिमा पिछडिएका छन्, किनभने गरिब छन् । गरिब भएकैले विज्ञान तथा प्रविधिमा पिछडिएका छन् । यस्तो विषमवृत्तलाई भत्काउन विज्ञान तथा प्रविधिप्रतिको निवेशमा प्राथमिकता दिनुपर्छ । चीन, भारत, इरान, मेक्सिको, ब्राजिल र चिलीजस्ता कतिपय विकासोन्मुख देशले यस्तो विषमवृत्तलाई तोड्न सकिन्छ भन्ने प्रमाणित गरेर देखाएका छन् ।

**नेपालमा विज्ञान-प्रविधिको विकास गर्न बृहत् एवं सुसङ्गत राष्ट्रिय रणनीति र रूपरेखा बनाउनुपर्छ ।**

विकासोन्मुख देशमा विज्ञान तथा प्रविधि विकासमा निवेश गर्न यथेष्ट साधनस्रोत विद्यमान छ कि छैन ? यो विषय सधैं विवादित रहँदै आएको छ । मुलुकका थुप्रै राजनीतिक नेता, योजनाविद् अनि अर्थशास्त्री जनताका आधारभूत आवश्यकता परिपूर्तिका लागि हुने निवेशलाई प्रभावित नगरिकन विज्ञान तथा प्रविधिमा पनि निवेश गर्न सकिन्छ भन्ने कुरामा विश्वस्त देखिँदैनन् । मुलुकमा विद्यमान भ्रष्टाचारलाई मात्र पनि नियन्त्रण गर्नसक्ने हो भने विकासोन्मुख देशले अन्य सामाजिक सेवालाई कुनै असर नपर्नेगरी कुल गार्हस्थ उत्पादनको तीन प्रतिशतसम्म विज्ञान तथा प्रविधिमा निवेश गर्नसक्ने युनेस्का प्रतिवेदनमा उल्लेख छ ।

विज्ञान तथा प्रविधिको उन्नति गर्ने जिम्मा विकसित देशको काँधमा छाडेर विकासोन्मुख देशले त्यसको प्रतिफलमात्र उपभोग गर्ने विचार दिग्भ्रमित धारणा हो । स्थानीय वैज्ञानिक तथा प्राविधिक क्षमताको विकास गरेरमात्र देशको आर्थिक विकासलाई गति प्रदान गर्न सकिन्छ । विश्व ज्ञानभण्डारको विस्तार र सही उपयोग गर्न पनि यसले ठूलो योगदान दिन सक्छ । समृद्ध भविष्य निर्माण गर्न विश्वका गरिब मुलुकले आफ्नै वैज्ञानिक क्षमताको विकास गरेर स्वावलम्बी हुनुको विकल्प छैन ।

एकीकरणपछिको दुई शताब्दीसम्म समकालीन विश्व गतिविधिबाट पृथक रहेकाले नेपाल विश्वमा भइरहेका वैज्ञानिक गतिविधिबाट पनि टाढा रह्यो । ००७ सालको राजनीतिक परिवर्तनपछि मात्र देशमा वैज्ञानिक क्रियाकलाप देखिन थाले । विगतका पाँच दसकमा विज्ञान तथा प्रविधिसम्बन्धी थुप्रै संस्था स्थापना भए पनि हाम्रो देश यस क्षेत्रमा अझै धेरै पछि छ । वैज्ञानिक मानवस्रोत, आधारभूत भौतिक संरचना, अनुसन्धान सुविधा र अनुगमन संयन्त्रको अभावका कारण नेपालमा विज्ञान तथा प्रविधि पछि परेको हो । राष्ट्रिय योजना आयोगले पच्चीस वर्षदेखि विज्ञान तथा प्रविधि विकासलाई सम्बोधन गर्न खोजे पनि योजना र कार्यान्वयनमा ठूलो अन्तर भएकाले खासै प्रगति हुनसकेको देखिँदैन । देश विकासका अन्य क्षेत्रलाई जस्तै विज्ञान तथा प्रविधिलाई आजसम्म कुनै सरकारले प्राथमिकताभित्र राखेको देखिँदैन ।

अहिले मुलुक ठूलो राजनीतिक परिवर्तनको संघारमा छ । हाम्रा नेताले नेपाललाई आगामी दस वर्षभित्र सिङ्गापुर वा स्वीट्जरल्यान्ड बनाउने कुरा गर्न थालेका छन् । साँच्चै नै नेपाललाई यी मुलुकको स्तरमा पुऱ्याउने हो भने ती देशमा विगतमा भएका विकास प्रक्रियालाई बुझ्नुपर्छ । त्यसबाट पाठ पनि सिक्नुपर्छ । यसका लागि उनीहरूले जस्तै हामीले पनि आफ्नो वैज्ञानिक दक्षतामा वृद्धि गर्नुपर्छ । नेपालमा विज्ञान तथा प्रविधि विकास गर्न बृहत् एवं सुसङ्गत राष्ट्रिय रणनीति र रूपरेखा बनाउनुपर्छ । अन्यथा नेपाललाई सिङ्गापुर वा स्वीट्जरल्यान्ड बनाउने नेताको सपना केवल दिवास्वप्नमात्र हुन जानेछ ।

**(लेखक, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति हुन् ।)**